मधेशी आयोग
ज्वागल, ललितपुर

फोन नं.: ०१-५२६११८५
टोलफ्रि नं. : १६६००११६१८५

पत्र संख्या :
चलानी नं. :

मिति: २०७८/१०/०५

# प्रेस विज्ञप्ती

विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाईरस (covid-19)को तेस्रो लहरले गर्दा नेपालमा पनि सक्रमण दर बढी रहेको छ। नयाँ भेरियन्ट ओमिक्रोनबाट सक्रमित भई दैनिक रुपमा मृत्यु भइरहेको विषय सरकारी तथ्यांकहरुले देखाउछ। मुलुक भरका शिक्षण संस्थाहरु बन्द गरिएका छन् र सर्वाजनिक स्थानहरुमा भेला हुन तथा कार्यक्रम गर्न बन्द गरिएको छ।

यस अवस्थालाई मध्यनजर गर्दै कोरोनाको तेस्रो लहरबाट बच्न र बचाउन स्वास्थ्य मन्त्रालयबाट जारी गरिएको स्वास्थ्य मापदण्ड पालना गर्न र समाजिक दुरी कायम गर्न आम सरोकारवालाहरुमा यस आयोगले हर्दिक अपिल गर्दछ। महामारीको यस अवस्थामा संघ, प्रदेश र स्थानीय सरकारले नागरिकको स्वास्थ्य सम्बन्धी हकलाई प्रत्याभूत हुने गरी कार्यान्वयन गर्न हुन अनुरोध छ ।

आयोगले विगत बर्ष झै कोभिड-१९ को अवस्थाको अनुगमनको लागि उच्च स्तरीय अनुगमन समिति गठन गरि नियमित रुपमा कार्य गर्दै आईरहेको कुरा जानकरी गरिन्छ। यस संम्बन्धि गुनासो तथा समस्या परेमा आयोगको टोल फ्रि नम्बर १६६००११६१८५ र हेल्प लाईन नम्बर ११५२ सम्पर्क गर्न अनुरोध छ ।

..................
लोकेन्द्र ज्ञवाली
शाखा अधिकृत